**निर्णय नं. १:-**

प्रस्ताव नं. १ मा छलफल गर्दा यस नगरपालिकामा प्राप्त भएका तपसिलका संस्थाहरुले कार्यक्रम संचालनको लागि अनुमति पाँउ भनि प्रस्तावना पेश गरेकोमा यस नगरपालिकाले उपयुक्तताको आधार बमोजिम कार्यक्रम संचालन गर्न अनुमती दिने निर्णय गरियो ।

क. हिमालय बाइबल अध्ययन प्रतिष्ठान, काठ्माण्डौं

ख. कारितास नेपाल धोवीघाट, ललितपुर

ग.नेपाल राष्ट्रिय बहाई समाज, काठ्माण्डौं

घ. लभ एण्ड होप नेपाल धुलिखेल, काठ्माण्डौं

**निर्णय नं. २:-**

प्रस्ताव नं. २ मा छलफल गर्दा यस बैठकबाट नगरपालिकाको आ.व. ०७४/०७५ को लागि दररेट (**Rate Analysis For F/Y 074/075**) स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:-**

प्रस्ताव नं. ३ मा छलफल गर्दा नगर सभाबाट बजेट विनियोजित भई विविध कारणले कार्यक्रम तथा योजना संचालन हुन नसकेका तपसिलका योजनाहरु परिवर्तनको लागि वडा समितिबाट सिफारिस भएकोलाई आगामी नगर सभाबाट अनुमोदन हुने गरी योजना तथा बजेट परिवर्तन गर्ने निर्णय गरियो ।

तपसिल :-

क. वडा नं. ११ लोक नगर स्थित विद्यालयको तारवारको लागि रु.१०००००। एक लाख विनियोजित भएकोमा हाल उक्त स्थानमा विद्यालय नभएको हुँदा एन.टि.भि. दक्षिण पश्चिम तर्फको बाटो ग्रयाभेल गर्ने ।

ख. वडा नं. १५ अक्कलघरुवामा सडक बत्तिको लागि रु.१०००००। एक लाख विनियोजन गरिएकोमा उक्त रकम सडक बत्तिको लागि अपुग भएकोले सोही स्थानमा निर्माणाधिन शिव मन्दिर निर्माणको लागि सो रकम थप गरी कार्य सम्पन्न गर्ने साथै यस पूर्व वडा कार्यालयबाट सिफारिस भई आएका योजनाहरु संशोधन तथा स्वीकृतीलाई अनुमोदन गरियो ।

**निर्णय नं. ४:-**

प्रस्ताव नं. ४ मा छलफल गर्दा सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभाकारी बनाउन सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७२ बमोजिम नगरस्तरीय सामाजिक सुरक्षा समन्वय समिति तपसिल बमोजिम गठन गर्ने निर्णय गरियो ।

**तपसिलः-**

क. नगरपालिका प्रमुख श्री लुट बहादुर रावत - संयोजक

ख. वडाध्यक्ष नगरपालिकाले तोकेको बढीमा ५ जना - सदस्य

- श्री तिरथराम थारु
- श्री पतिराम थारु
- श्री कृष्ण बहादुर खड्का
- श्री बिष्णु तिवारी
- श्री कर्ण बि.सी.

ग. प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ. बैंक प्रतिनिधि - सदस्य

- श्री लक्ष्मी बैंक लि. शाखा कार्यालय कोहलपुर
- श्री एन.आइ.सी. बैंक लि. शाखा कार्यालय कोहलपुर

ङ. जेष्ठ नागरिक महासंघ प्रतिनिधि - सदस्य

च. राष्ट्रिय अपाङ्ग महासंघ प्रतिनिधि - सदस्य

छ. पत्रकार महासंघको प्रतिनिधि - सदस्य

ज. करुणा बिष्ट - सदस्य सचिव

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(सदस्य-सचिव)

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

निर्णय नं. ५:-

प्रस्ताव नं. ५ मा छलफल गर्दा कोहलपुर नगरपालिका वडा नं. ११ थारु गाँउमा पोल स्थानान्तरण कार्य गर्नको लागि लाग्ने रकम नेपाल विद्युत प्राधिकरणको लागत अनुमान अनुसार रु.२,२८,९९८।०४ दुई लाख अठ्ठाइस हजार नौ सय अन्ठानब्बे रुपैया र चार पैसा विद्युतीकरण शिर्षकबाट खर्च गरी उक्त कार्य गर्ने निर्णय गरियो ।

निर्णय नं. ६:-

प्रस्ताव नं. ६ मा छलफल गर्दा कोहलपुर नगर शिक्षा नियमावली २०७४ मा दफावार छलफल गरी पारित गरियो ।

निर्णय नं. ७:-

प्रस्ताव नं. ७ मा छलफल गर्दा कोहलपुर नगरपालिकाको कार्यालयबाट हाल सम्म वितरण गरेको आर्थिक सहायता योजना फरफारक भुक्तानी तथा करार कर्मचारीहरुको व्यवस्थापनलाई सर्व सम्मत रुपमा अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ८:-

प्रस्ताव नं. ८ मा छलफल गर्दा २०७४ सालको बाढीबाट पिडित भई राहत पाउन छुट भएका व्यक्तिहरुलाई नगरपालिकाको कार्यालयबाट हाल सम्म वितरण गरेको राहात रकम कट्टी गरी बाँकी रहेको रकमलाई शत प्रतिशत मानी ६० प्रतिशत रकमबाट जनही दामसाही रुपमा रु.२,१००। नबढ्ने गरी विपद व्यवस्थापन कोषबाट राहत दिने निर्णय गरियो ।

निर्णय नं. ९:-

प्रस्ताव नं. ९ मा छलफल गर्दा नगर सभा मन्दिर, मस्जिद, गुम्बा र चर्चको लागि विनियोजित रकम मध्ये ६० प्रतिशत रकम प्रत्येक वडामा दामासाही हिसाबले वितरण गर्ने र बाँकी ४० प्रतिशत रकम सामाजिक समितिको सिफारिसमा नगर प्रमुख, नगर उप-प्रमुख, सामाजिक विकास समिति संयोजक र प्रमुख प्रशासकीय अधिकृतलाई योजना छनौट गरी खर्च गर्ने अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. १०:-

प्रस्ताव नं. १० मा छलफल गर्दा कोहलपुर नगरपालिका वार्ड नं. १२ सुन्दर बस्तीमा संचालन भएको बाल विकास केन्द्रको सहयोगी कार्यकर्तालाई मासिक रु.६०००। छ हजार पारिश्रमिक दिने निर्णय गरियो साथै कोहलपुर -१५ पहाडीपुर स्थित हरियाली बाल विकास केन्द्र हाल बन्द रहेको हुँदा संचालनको लागि आवश्यक सहयोग गर्ने र बाल विकास केन्द्र दर्ताको लागि नगर शिक्षा शाखालाई सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं.११:-

प्रस्ताव नं. ११ मा छलफल गर्दा नेपाल रेडकस सोसाइटी शाखा कोहलपुरबाट प्राप्त विपद् व्यवस्थापन सम्वन्धी आर्थिक तथा प्राविधिक प्रस्तावमा स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. १२:-

प्रस्ताव नं. १२ मा छलफल गर्दा नगर विद्यालय सहयोग कार्यक्रम तर्फको बजेट रु.३२,००,०००। बत्तीस लाख तपसिल बाँडफाँड गर्ने निर्णय गरियो ।

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

नगर कार्यपालिकाको कार्यालय
कोहलपुर नगरपालिका
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

तपसिलः-

| क.सं. | कार्यक्रम | इकाइ | बजेट |
|---|---|---|---|
| १ | खानेपानी | ८ विद्यालय | २,००,०००। |
| २ | शिक्षक अनुदान आधारभुत तह | ७ विद्यालय | ५,१४,५००। |
| ३ | शिक्षक अनुदान माध्यमिक तह | २ विद्यालय | १,८९,०००। |
| ४ | ल्यापटप प्रोजेक्टर | ९ वटा | ६,८५,०००। |
| ५ | कक्षा १ को अंग्रेजी शिक्षक तालिम | ३ दिने | १,००,०००। |
| ६ | बालबिकास सहयोगी कार्यकर्ता तालिम | ३ समूह | १,००,०००। |
| ७ | कक्षा १ अंग्रेजी माध्यम सन्दर्भ सामग्री ( विद्यार्थी संख्या ६९४) | ३२ विद्यालय | ६,९४,०००। |
| ८ | बाल विकास केन्द्र बाल शिक्षा कक्षा सन्दर्भ सामग्री | ८२ वटा | १,२३,०००। |
| ९ | छाना मर्मत सिम्री | १ विद्यालय | १,२०,०००। |
| १० | गेट मर्मत लखनवार | १ विद्यालय | २५,०००। |
| ११ | भर्ना अभियान २०७५ अनुदान | ३२ विद्यालय | १,२८,०००। |
| १२ | प्रचार सामाग्री एफ.एम। पत्रिका | आवश्यक | ४८,५००। |
| १३ | प्रगती बाल विकास केन्द्र वडा नं. ९ | मर्मत | ५०,०००। |
| १४ | हिमाल गरीब आ.वि. मर्मत | १ विद्यालय | १,२०,०००। |
| १५ | कक्षा ८ परिक्षा सामग्री खरीद | | १,०३,०००। |
| | | जम्मा | ३२,०००००। |

**निर्णय नं. १३:-**

प्रस्ताव नं. १३ मा छलफल गर्दा यस नगरपालिका भित्र स्थापना भएका तर हाल संचालनमा नआएका बाल विकास केन्द्रहरुलाई हाल संचालनमा आईरहेका बाल विकास केन्द्रमा समायोजन (मर्ज) गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४:-**

प्रस्ताव नं. १४ मा छलफल गर्दा कोहलपुर नगरपालिका कार्यालयमा सि.सि. टि.भि. क्यामरा राख्ने र दुर्घटना न्यूनिकरणका कार्यक्रमहरु संचालन गर्ने साथै सि.सि.टि.भि. क्यामराको जडान कोटेशनको माध्यमबाट गर्ने गरि निर्णय गरियो ।

**निर्णय नं. १५:-**

प्रस्ताव नं. १५ मा छलफल गर्दा २०७४ फाल्गुण मसान्त सम्म प्रथम मेयर कप खेलकुद प्रतियोगिता र २०७४ चैत्रको दोश्रो साता भित्र प्रथम उप-मेयर कप महिला क्रिकेट प्रतियोगिता संचालन गर्न सामाजिक शिक्षा समिति र नगर शिक्षा अधिकृतलाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं. १६:-**

प्रस्ताव नं. १६ मा छलफल गर्दा कोहलपुर नगरपालिका क्षेत्रमा रहेका सडक बत्ती सोलार पोलमा न्यू डिजिटल मिडिया सर्भिस कुपन्डोल, ललितपुरबाट प्रचलित कानुन बमोजिम कर असुली गरी उक्त कम्पनीलाई होडिङ्ग बोर्ड राख्ने अनुमति दिनुको साथै चालु बर्षको अन्तमा निर्णय भएको हुँदा आगामी आ.व.मा राजश्वको दश प्रतिशत वृद्धि गरि थप एक आर्थिक वर्षको लागि नविकरण गर्ने साथै विद्युत पोलमा प्रचलित नियमानुसार कर तिरी होडिङ्ग बोर्ड राख्न दिने निर्णय गरियो ।

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं.प्रदेश, नेपाल

**निर्णय नं. १७:-**

प्रस्ताव नं. १७ मा छलफल गर्दा नगरपालिकाका विभिन्न स्थानमा बर्षातको समयमा जेसिभि र ग्रयाभेल गर्दा खर्च भएको रकम भुक्तानी दिन बाँकी रहेको हुँदा विपद् व्यवस्थापन तथा उद्धार आन्तरिक श्रोत चालु खर्चबाट रु.३,६३,१८५। तिन लाख त्रिसठ्ठी हजार एक सय पचासी रकमान्तर गरी भुक्तानी दिने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८:-**

प्रस्ताव नं. १८ मा छलफल गर्दा यस कोहलपुर नगरपालिकामा तपसिलका सरकारी संघ संस्थाहरुलाई तपसिलको स्थानमा आवश्यक जमिन उपलब्ध गराउने भन्ने निर्णय गरियो ।

**तपसिल:-**

क. राष्ट्रिय क्षयरोग केन्द्र (प्रादेशिक रेफरल सेन्टर) को लागि कोहलपुर नगरपालिका वार्ड नं. २ सि.टि.इ.भि.टि. को दक्षिण पट्टिको खाली जग्गा ।

ख. भेरी अंचल यातायात व्यवस्था कार्यालयको लागि कोहलपुर २ हाल ट्रायल सेन्टर रहेको तारवार गरेको स्थान ।

ग. क्षेत्रिय निर्वाचन कार्यालयको लागि कोहलपुर ११ लोकनगरको नगरपालिकाबाट संरक्षित ०-५-० जग्गा उपलब्ध गराउनुको साथै हाललाई नगर विकास समितिको पश्चिम पट्टिको भवनमा अस्थाई कार्यालय संचालन गर्ने ।

घ. कोहलपुर संचार ग्रामको लागि कोहलपुर २ स्थित इन्द्रेणी चोक गोरखा बोडिङ्ग जाने बाटो खानेपानीको पुरानो बोडिङ्ग भएको ठाँउमा ०-१-० जग्गा उपलब्ध गराउने ।

ङ. त्रिभुवन विश्व विद्यालय मध्यपश्चिम क्षेत्रिय परिक्षा नियन्त्रण कार्यालयको लागि कोहलपुर नगरपालिका वार्ड नं. २ मा रहेको कर्णाली बेसिन जलवायुको उत्तर तर्फ अंदाजी ०-३-० जग्गा उपलब्ध गराउने ।

**निर्णय नं. १९:**

प्रस्ताव नं. १९ मा छलफल गर्दा CBAPU र बाँके राष्ट्रिय निकुञ्जले आयोजनामा चोरी शिकारी नियन्त्रण यूवा जागरण राष्ट्रिय दिवश समारोह तथा हात्तीसार उद्घाटन कार्यक्रम मिति २०७४ फाल्गुण १९ गते हुन गईरहेकोले उक्त कार्यक्रमको लागि होमस्टे शिर्षकको रकमबाट कार्यक्रम बनाई रु.५०,०००। पचास हजार सहयोग गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०:-**

प्रस्ताव नं. २० मा छलफल गर्दा श्री लक्ष्मी मा.वि. कोहलपुर २ बर्दहवाको जग्गा सट्टा पट्टाको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो

**निर्णय नं. २१:-**

प्रस्ताव नं. २१ मा छलफल गर्दा कोहलपुर ३ मदनचोकमा वातावरण तथा विपद् व्यवस्थापन तर्फ सार्वजनिक शौचालय निर्माणमा विनियोजन गरिएको रकम रु.४,६५,०००। बाट शौचालय निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२:-**

प्रस्ताव नं. २२ मा छलफल गर्दा आशा एकेडेमी कोहलपुर-११ ले पूर्व प्राथमिक तह संचालनका लागि निवेदन दिएकोमा उक्त एकेडेमीले नगरपालिकालाई तिर्नु पर्ने राजश्व तिरी सकेको र म्याद भित्र दर्ता नभएको हुँदा हाललाई पूर्व प्राथमिक तह दर्ताको लागि अनुमती दिने निर्णय गरियो ।

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

**निर्णय नं. २३:-**

प्रस्ताव नं. २३ मा छलफल गर्दा ज्ञान कुन्ज इंग्लिस मिडियम स्कुल नेपालगंज १४ ले कोहलपुर नगरपालिका वडा नं. १२ मा ठाँउ सारीको लागि निवेदन दिएको उक्त विद्यालयलाई ठाँउ सारीको अनुमती दिने निर्णय गरियो ।

**निर्णय नं. २४:-**

प्रस्ताव नं. २४ मा छलफल गर्दा यस कोहलपुर नगरपालिकाको दोश्रो नगरसभा २०७४ चैत्र पहिलो साता भित्र गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५:-**

प्रस्ताव नं. २५ मा छलफल गर्दा वातावरण तथा विपद् व्यवस्थापन तर्फको कार्यक्रममा पार्क निर्माणको लागि रु.२०,००,०००। विनियोजित भएकोमा उक्त रकमबाट सृजना सामुदायिक वनको भ्यू टावरको पार्कलाई प्रर्वधन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २६:-**

प्रस्ताव नं. २६ मा छलफल गर्दा कोहलपुर नगरपालिका वडा नं. १४ मा आयुर्वेदिक स्वास्थ्य शिविर मिति २०७४/११/२६ गतेका दिन संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २७:-**

प्रस्ताव नं. २७ मा छलफल गर्दा यस कोहलपुर नगरपालिकामा रहेका सामुदायिक तथा संस्थागत विद्यालय संचालनको अनुमति, कक्षा थप तथा ठाँउसारी सम्बन्धी तपसिल बमोजिमको शुल्क लिने निर्णय गरियो ।

**१. संस्थागत विद्यालयको**

क. नयाँ अनुमती मा.वि. रु.५०,०००, र आधारभुत रु.३०,०००।

ख. कक्षा थप मा.वि. रु.५०००। र आधारभुत रु.३०००।

ग. ठाँउसारी अन्य तहबाट मा.वि. ५०,०००। र आधारभुत रु.३०,०००।

घ. नगरभित्रको एक वडाबाट अर्को वडामा रु.१०,०००।

**२.सामुदायिक विद्यालयको**

क.नयाँ अनुमती मा.वि.रु.१०,०००। र आधारभुत रु.५,०००।

ख.कक्षा थप मा.वि.रु.१०००। र आधारभुत रु.५००।

ग.भाषा कक्षा परामर्ष केन्द्र नयाँ अनुमती रु.२५,०००। लिने निर्णय गरियो ।

**निर्णय नं. २८:-**

प्रस्ताव नं. २८ मा छलफल गर्दा नगर स्वास्थ्य शाखाको लागि आवश्यक पर्ने एक जना स्वीपर र एकजना कार्यालय सहयोगी भर्ना गर्न प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा तपसिल बमोजिमको पदपूर्ती समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल:-**

क) श्री प्रेम प्रसाद देवकोटा - संयोजक
ख) श्री निम बहादुर चलाउने - सदस्य
ग) श्री हरि बहादुर ओली - सदस्य
घ) श्री अग्नि प्रसाद आचार्य - सदस्य
ङ) श्री नारायण प्रसाद शर्मा - सदस्य
च) श्री धन रेग्मी - सदस्य-सचिव

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं.प्रदेश, नेपाल

निर्णय नं. २९:-

प्रस्ताव नं. २९ मा छलफल गर्दा कोहलपुर नगरपालिका वडा नं. ७ लखना स्थीत नगर स्वास्थ्य क्लिनिकमा आवश्यक पर्ने कर्मचारीहरुको खुल्ला प्रतिस्पर्धाबाट तपसिल बमोजिमको पदपूर्ती समिति गठन गर्ने निर्णय गरियो ।

तपसिलः-

क) श्री प्रेम प्रसाद देवकोटा - संयोजक
ख) श्री निम बहादुर चलाउने - सदस्य
ग) श्री हरि बहादुर ओली - सदस्य
घ) श्री जिल्ला जनस्वास्थ्य कार्यालय प्रतिनिधि - सदस्य
ङ) श्री अग्नि प्रसाद आचार्य - सदस्य
च) श्री नारायण प्रसाद शर्मा - सदस्य
छ) श्री धन रेग्मी - सदस्य-सचिव

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)